श्री

☎ ०८८-४१३०८२

# रुकुमकोट जिल्ला अदालत

## रूकुम, (पूर्वी-भाग)

प.सं. ०७७/०७८

च.नं. १०११

प्रशासन शाखा

## रुकुमकोट जिल्ला अदालतबाट मिति २०७८/०३/१० मा जारी भएको सूचना ।

कोरोना भाइरस (कोभिड-१९) को नयाँ भेरियन्टको संक्रमणको जोखिम यस रुकुमकोट जिल्लामा समेत रहिरहेको सन्दर्भमा उक्त संक्रमणको रोकथाम र नियन्त्रणका लागि जिल्ला प्रशासन कार्यालय, रुकुमकोटबाट मिति २०७८/०१/२३ देखि निषेधाज्ञा आदेश जारी भई यस अदालतबाट सम्पादन हुने सेवामा मिति २०७८।०१।२३ गतेदेखि संकुचन गरिएकोमा मिति २०७८।०३।१० को स्थानीय प्रशासनको सूचना अनुसार निषेधाज्ञा केही खुकुलो पारीएको हुँदा र सरोकारवालाहरुसँगको छलफल एवं परामर्श बमोजिम यस अघिको सेवा संकुचनको अवधिमा सूचारु गरिएका सेवालाई निरन्तरता दिँदै मिति २०७८।०३।१३ गतेदेखि लागू हुने गरी पूर्ण रुपमा स्वास्थ्य सुरक्षा मापदण्ड अपनाई देहाय बमोजिमको सेवा प्रवाह सुचारु गरिने बेहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

*देहायः*

१. बन्दी प्रत्यक्षीकरण र निषेधाज्ञासँग सम्बन्धित रिट तथा निवदेन दर्ता र सुनुवाइ गर्ने ।

२. अभियुक्तलाई हिरासतमा राख्न म्याद थप, पक्राउ पूर्जी, जरुरी पक्राउ पूर्जी स्वीकृती र अनुमति एवम् कल डिटेल (CDR) सम्बन्धी अनुमति प्रदान गर्ने।

३. सरकारवादी फौजदारी मुद्दाहरुको अभियोग पत्र दर्ता, प्रतिवादीको बयान र थुनछेक आदेश सम्बन्धी कार्य गर्ने।

४. प्रहरी कार्यालयद्वारा पक्राउ गरी ल्याएका फरार प्रतिवादीहरुको बयान तथा थुनछेक आदेश गर्ने।

५. घरेलु हिंसा तथा यौन दुर्व्यवहार सम्बन्धी मुद्दाको फिराद पत्र दर्ता, अन्तरकालीन आदेश र सो उपरको सुनुवाई गर्ने।

६. मुद्दा मिलापत्र, मुद्दा फिर्ता, डिसमिस, तामेली र कसूर ठहर भई सजाय निर्धारण बाँकी मुद्दाहरुको कारबाही र सुनुवाई गर्ने।

७. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ नं. अन्तर्गतका निवेदनहरुको दर्ता र सुनुवाइ गर्ने।

Email:-admin.dcpurbirukum@supremecourt.gov.np

८. बाल सुधार गृहमा रहेका बालबालिकासँग सम्बन्धित निवेदनको सुनुवाई गर्ने ।
९. मुद्दा पूर्पक्षको लागि थुनामा रहेका विशुद्ध थुनुवा मुद्दाको सुनुवाई गर्ने ।

पुनश्चः- सेवा प्रवाह संकुचन भएका अवधिका पेशीमा चढेका मुद्दा स्वतः स्थगन हुने र मुद्दा तथा निवेदनहरुमा रहेका हदम्याद, म्याद, तारेख नगुज्रने ।

...................
केशव पराजुली
सेस्तेदार

Email:-admin.dcpurbirukum@supremecourt.gov.np